नौमूले गाउँपालिका

**"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"**

# नौमूले राजपत्र

खण्डः ३ संख्याः ३ मितिः २०८१/०६/१४

**भाग-२**

## नौमूले गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

# नौमूले गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## नौमूले ,दैलेख

## कर्णाली प्रदेश,नेपाल

गाउँकार्यपालिकावाट स्वीकृत मिति : २०७७/०९/२०
प्रमाणिकरण मिति : २०७७/०९/२०

**नौमूले गाउँपालिका जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७७**

**१.परिचय :**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, सम्मान आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम नौमूले गाँउ कार्यपालिकाको मिति **२०७७।०९।२० को बैठकले पारित गरि** यो कार्यविधी जारी गरिएको छ।

**२.परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम जेष्ठ नागरिकको हक तथा जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

**३.उद्देश्य :**

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने। उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

**४.लक्षित वर्ग :**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

**५.जेष्ठ नागरिकको वर्गीकरण :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको जेष्ठ नागरिक।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ जेष्ठ नागरिक।

(ग) असहाय जेष्ठ नागरिक।

(घ) अशक्त जेष्ठ नागरिक।

(ङ) एकल जेष्ठ नागरिक।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ।

**७.जेष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ। जेष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ। उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाँउपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) जेष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडाको सिफारीसमा स्थानिय तहमा निवेदन पेश गर्नु पर्नेछ ।

च) यस गाँउपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नुपर्नेछ ।

छ) यस पूर्व महिला तथा बालवालिका कार्यालयवाट जेष्ठ नागरिकहरुले प्राप्त गरेको परिचयपत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

**९.विविध :**

क) जेष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) गाँउपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची १
नौमूले गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,दैलेख
कर्णाली प्रदेश,नेपाल

## जेष्ठ नागरिक परिचय-पत्र
## Senior Citizenship Card

प्र.प. नं :-
**Card No.**

फोटो
Photo

नाम थर : ........................................... राष्ट्रियता
Name…………………………
Nationality……………………….
ना.प्र.प.नं: ..........                    Citizenship No.
ठेगाना : जिल्ला ........................गा.पा.: ........................... वडा नं. ..... टोल/गाउं .........
Address………………District…………….Rural Municipality ward No…
Tole/Village……….. Province No. ………………….
उमेर: ........... लिङ्ग: ........... जन्म मिति
Age …………………… Sex…………Date of birth ………………
उपलब्ध छुट तथा सुविधाहरु : ...................................
Available Service……………………………….
पति/पत्नी/छोरा/छोरी को नाम : ........................................................
Name of Wife/Husband/ Daughter/son………………….
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: ..........................................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :.............................................
Name of caretaker, Contact No.
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम: .......................................
Blood Group …………..Diseases Name…………………….
Name of drugs …………………………

प्रमाणित गर्ने :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची २

जेष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला .............गाँउपालिका .........................वडा नं ............प्रदेश.........

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा/आमाको नाम,थर | वाजेको नाम,थर | पति/पत्नीको नाम,थर | संरक्षको नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | जेष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>
नाम,थरः
पद :

<u>प्रमाणित गर्ने</u>
नाम,थर
पदः

प्रमाणीकरण मिति: २०७७/०९/२०

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत